# गाई/भैंसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालन कार्यविधि २०७६

प्रस्तावना: गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ,२०७५" को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम सन्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अनुदान" भन्नाले कार्यक्रम सन्चालनका लागि सम्बन्धित साझेदारलाई प्रदेश सरकारबाट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले सम्बन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले गाई/भैंसी श्रोत विकास कार्यक्रम सम्झनु पर्दछ।

(घ) "कार्यविधि" भन्नाले गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम सन्चालन नियमावली, २०७६ सम्झनु पर्दछ

(ङ) "दुग्ध उत्पादक" भन्नाले गाई/भैंसी पालन गरि नियमित रुपमा दूध उत्पादन र बेच बिखन गर्ने कृषक, समूह, समिती, सहकारी, संघसंस्था, फार्म, कम्पनी, निजि उद्यमी र व्यवसायी समेतलाई सम्झनु पर्दछ ।

(च) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(छ) "पकेट क्षेत्र" भन्नाले उन्नत गाई/भैसी पकेट क्षेत्रलाई सम्झनु पर्दछ ।

(ज) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले यस नियमावली अनुसार कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना अनुसार प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवश्यक कागजातहरुलाई समेत सम्झनु पर्दछ ।

(झ) "प्रस्तावक" भन्नाले यो कार्यविधि र सार्वजनिक सूचना मुताविक प्रस्ताव पेश गर्न योग्य रहेका दुग्ध उत्पादक कृषक समूह/समिति/सहकारी/व्यवसायिक फार्म/व्यवसायिक संघसंस्था तथा निजि उद्यमीहरुलाई सम्झनु पर्दछ ।

(ञ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।



प्रमुख सचिव

प्रदेश नं.-१

(ट) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(ठ) “साझेदार" भन्नाले लागत सहभागितामा गाई/भैंसी श्रोत विकास कार्यक्रम सन्चालन गर्नका लागि सम्बन्धित कार्यालय संग द्विपक्षीय सम्झौता भएका दुग्ध उत्पादक कृषक समूह/समिति/सहकारी/व्यवसायीक फार्म/कम्पनी/व्यवसायीक संघ संस्था र निजि उद्यमी व्यवसायीहरु समेतलाई सम्झनु पर्दछ ।

(ड) “सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम सन्चालनको अखितयारी प्राप्त मन्त्रालय, निर्देशनालय र विज्ञकेन्द्र समेतलाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यहरुः</u> यो कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

(क) उन्नत नश्लका प्रजनन् योग्य एवं उत्पादनशिल गाई/भैंसीको उपलब्धता बृद्धि गर्ने ।

(ख) उन्नत नश्लका गाई/भैंसीको दूध उत्पादन र उत्पादकत्व अभिबृद्धिमा सहयोग पुऱ्याउने ।

(ग) असल पशुपालन अभ्यास अनुशरण गर्न प्ररित गर्दै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय दूध उत्पादन प्रवर्द्धन गर्ने ।

(घ) गाई/भैंसी पालन व्यवसायको व्यवसायीक रुपान्तरणमा सहयोग पुऱ्याउने ।

४. <u>रणनीतिहरुः</u> दफा ३ बमोजिमका उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाईने छनः-

(क) दुग्ध उत्पादक कृषक समूह, समिति, व्यवसायीक संघ/संस्था, सहकारी संघ/संस्था, फार्म, कम्पनि, निजि उद्यमी र व्यवसायीहरु मार्फत साझेदारीमा उन्नत नश्लका गाई भैसीको श्रोत केन्द्र स्थापना गरीनेछ ।

(ख) सम्बन्धित साझेदारहरुको संलग्नतामा असल पशुपालन अभ्यास अवलम्बन गर्न अभिप्रेरित गरीनेछ ।

(ग) श्रोत केन्द्र स्थापना भएको पाँच वर्ष सम्ममा श्रोत केन्द्रलाई आत्मनिर्भर बनाउन सहयोग गरीने छ ।

(घ) कार्यक्रम सन्चालनको पाँच वर्षमा गाईको श्रोतकेन्द्र भएमा प्रत्येक श्रोतकेन्द्रमा एक हजार वटा उन्नत नश्लका वयस्क गाईहरु र भैंसीको श्रोत केन्द्र भएमा प्रत्येक श्रोत केन्द्रमा पाँच शय वटा उन्नत नश्लका वयस्क भैंसीहरु भएको हुनेछ ।

(ङ) श्रोत केन्द्रमा घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ ।

(च) श्रोत केन्द्रको सन्चालन, विकास, विस्तार र दिगोपनका लागि आसपासका अन्य दुग्ध उत्पादक कृषक समूह, समिति, व्यवसायीक संघ/संस्था/सहकारी संघ/संस्था/फार्म/कम्पनि/निजि उद्यमी र व्यवसायीहरुलाई कार्यक्रममा समेटदै लगिनेछ ।

(छ) श्रोत केन्द्रमा भएका पशुहरुको हर्डबुक तयार गरि अध्यावधिक गरिनेछ ।



प्रमुख सचिव

(ज) उन्नत गाई/भैंसीको उपलब्धता र बेचबिखन सम्बन्धि सूचना अध्यावधिक र व्यवस्थित गरिनेछ ।

(झ) कार्यक्रमको सफल कार्यान्वयनको लागि सरोकारवालाहरुको संलग्नतामा अनुगमनलाई प्रभावकारी रुपमा सन्चालन गरिनेछ ।

## परिच्छेद –२

## कार्यक्रम सन्चालन सम्बन्धी व्यवस्था

५. **कार्यक्रम संचालन अवधिः** कार्यक्रमको प्रभावकारीता र संतोषजनक भएको अवस्थामा बढीमा पाँच वर्ष सम्म फ्लोअप कार्यक्रम संचालन हुनेछ ।

६. **कार्यक्रम सन्चालन स्थान छनौटका आधारहरुः** गाई/भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम सन्चालन हुने स्थानको छनौटका लागि देहाय बमोजिमका आधारहरु तय गरिएको छः-

(१) श्रोतकेन्द्र सन्चालनमा आवद्ध हुने कृषकहरु संग कम्तिमा पाँच शय वटा उन्नत नक्षका गाई वा दुई शय पचास वटा उन्नत नश्लका भैसी भएको हुनु पर्नेछ ।

(२) कृत्रिम गर्भाधान सेवा सन्चालन भएको हुनु पर्नेछ ।

(३) सडक, संचार, सिंचाई, पिउने पानी, बाटो र विजुली जस्ता भौतिक पूर्वाधारहरुको उपलब्धता भएको हुनु पर्नेछ ।

(४) व्यवसायीक रुपमा गाईभैंसी पालन फार्म सन्चालनमा रहेका तथा फार्म स्थापनाको सम्भावनायुक्त क्षेत्रहरु भएको हुनु पर्नेछ ।

(५) बाह्रै महिना हरियो घाँसपात उपलब्ध हुन सक्ने स्थान भएको हुनु पर्नेछ ।

(६) कृषकहरुको कार्यक्रम प्रतिको चाहना भएको हुनु पर्नेछ ।

७. **सम्भावित साझेदारहरुः** सम्भावित साझेदारहरु देहाय बमोजिम साझेदार संस्थाहरु हुन सक्ने छनः-

(१) दुग्ध उत्पादक कृषक समूह/समिति

(२) कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था

(३) दुग्ध व्यवसायीक संघ/संस्था

(४) व्यावसायिक संघ/संगठन (पशुपालन क्षेत्रमा कृयाशिल)

८. **अनुदान रकमबाट सन्चालन गर्न सकिने कार्यक्रमहरुः** यस कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान रकम देहाय बमोजिमका कृयाकलापमा खर्च गर्न सकिनेछः-

(१) गोठ निर्माण/सुधार तथा जैविक सुरक्षाका उपायहरुको अवलम्बन

(२) उन्नत नश्लका गाई/भैंसी खरिद तथा ढुवानी

(३) पशु आहारा विकास सम्बन्धि कृयाकलाप

(४) दूधजन्य उत्पादन विविधिकरण

(५) पानीको प्रबन्ध र पानी तान्ने मोटर

(६) दूध चिस्यान केन्द्र स्थापना तथा दुधको बजारीकरण

(७) दूध ढुवानी साधन खरिद

(८) पशु उपचार र प्रयोगशाला सेवा

(९) पशु खोप र पशु नश्ल सुधार

(१०) प्राविधिक सहजकर्ता परिचालन

(११) सम्बन्धित कार्यालयको सहमतिमा गाईभैसी श्रोतकेन्द्र सन्चालनका लागि आवस्यक ठानिएका अन्य कृयाकलापहरु समेत द्विपक्षीय सम्झौतामा उल्लेख गरि गर्न सकिनेछ ।

९. <u>अनुदान प्रवाहका शर्तहरुः</u> (१) प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएका साझेदारहरु संग मात्र यो कार्यक्रम सन्चालनका लागि साझेदारी गरिनेछ ।

(२) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा दश वर्ष सम्म श्रोत केन्द्र सन्चालन गर्नु पर्नेछ ।

(३) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice) परिपालना गर्न मन्जुर हुनु पर्नेछ ।

(३) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(४) सम्भावित साझेदारले कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(५) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परिक्षण भएको हुनु पर्नेछ।

(६) श्रोतकेन्द्र स्थापना पश्चात कम्तिमा दैनिक पाँच हजार लिटर थप दुध संगठित बजारमा आउनेछ ।

(७) प्रत्येक श्रोत केन्द्रमा एक शय जना कृषक आबद्धभै प्रत्येक कृषकले उन्नत नश्लका कम्तिमा दश वटा प्रजनन योग्य गाई र पाँच वटा प्रजनन योग्य भैंसी पालन गरी गाईको श्रोत केन्द्रको हकमा एक हजार वटा दुधालु गाई र भैसीको श्रोत केन्द्रको हकमा पाँच शय वटा दुधालु भैंसी पालन भएको हुनेछ ।

(८) श्रोत केन्द्रका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

(९) साझेदारले हरेक महिना *अनुसूची– ११* बमोजिमको ढाँचामा प्रगति पठाउनु पर्नेछ ।

(१०) साझेदारले *अनुसुची– १२(क) देखि १२(घ)* सम्मको अभिलेख राख्नु पर्नेछ ।

सचिव



प्रमुख सचिव

(११) श्रोत केन्द्रका गाई भैंसीहरुको प्राविधिक सूचक *अनुसूची-१३* बमोजिम हुनु पर्नेछ ।

(१२) पशुको गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, वैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(१३) श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यवस्थापन विधि जस्तै टिट डिपिङ्ग, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्बन गरि सो को विवरण अध्यावधिक गरि राख्नु पर्नेछ ।

(१४) श्रोत केन्द्रमा आवद्ध सबै सदस्यहरुले घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे र वहुवर्षिय घाँस खेति तथा साईलेज प्रविधि अवलम्बन गर्नु पर्नेछ ।

(१५) अनुदान प्राप्त गर्ने कृषकहरुले पशुहरुको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नेछ ।

१०. <u>कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व</u> (१) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदार संस्थाले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(३) अनुदानग्राहीले कार्यक्रम सन्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(४) कार्यक्रम कार्यान्वयनको लागि स्थानिय स्तरमा दफा ११ र प्रदेश स्तरमा १२ बमोजिमको समिति रहनेछ ।

११. <u>उन्नत गाई/भैंसी श्रोत केन्द्र संचालक समितिः</u> (१) उन्नत गाई/भैंसी श्रोत केन्द्र सन्चालन हुने जिल्लामा कार्यक्रम सन्चालन, अनुगमन, समन्वय, सुझाव, सहयोग, नियन्त्रण गर्न र अनुदान रकम परिचालन गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | साझेदार संस्थाको अध्यक्ष वा निजले तोकेको व्यक्ति | संयोजक |
| (ख) | साझेदार संस्थाले तोकेको व्यवसायीक कृषक (दुई जना) | सदस्य |
| (ग) | डेरी उद्यमीको प्रतिनिधि (एक जना) | सदस्य |
| (घ) | सम्बन्धित कार्यालयको प्राविधिक | सदस्य सचिव |



प्रमुख सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) उन्नत गाई/भैसी श्रोत केन्द्र सन्चालन गर्न द्विपक्षीय सम्झौता गर्ने ।

(ख) सम्झौता अनुसार श्रोत केन्द्र स्थापना गरी कार्यक्रमहरु सन्चालन गर्ने गराउने ।

(ग) स्थानिय तहहरु संग समन्वय गरी उन्नत गाई/भैसी श्रोत केन्द्र विकासको लागि आर्थिक सहयोग जुटाउने ।

(घ) श्रोतकेन्द्रमा रहेका गाई/भैसीहरुको बिमा गर्ने/गराउने ।

(ङ) आवश्यकता अनुसारका अभिलेख व्यवस्थापन गर्ने/गराउने ।

(च) श्रोतकेन्द्रमा भएका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्ने व्यवस्था गर्ने/गराउने ।

(छ) आवश्यकता अनुसार प्राविधिक सहजकर्ता नियुक्ति गर्ने र निजलाई सेवा वापतको पारिश्रमिक तोक्ने ।

(ज) आफ्नो श्रोतकेन्द्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गरी सम्बन्धित कार्यालयमा प्रस्ताव स्वीकृतिको लागि पेश गर्ने/गराउने ।

(झ) व्यवसायीक रुपमा श्रोतकेन्द्र कार्यक्रम सन्चालन, विकास र विस्तार गर्न आसपासका अन्य व्यवसायीक कृषक समुह/समिति, सहकारी, फर्म, कम्पनी निजी उद्यमीहरुलाई समेत कार्यक्रममा संलग्न गराउँदै लैजाने ।

(ञ) श्रोत केन्द्रका कृषकहरुलाई शिप अभिबृद्धिको लागि गाई/भैसी पालन, दुधको गुणस्तर तथा विविधिकरण सम्बन्धी तालिम, गोष्ठी, भ्रमण र बैठक सन्चालन गर्ने/गराउने ।

(ट) पशु तथा पशुजन्य पदार्थहरुको बजारीकरण गर्ने/गराउने ।

(ठ) घाँस खेतिको आधारमा पशुपालन गर्ने/गराउने ।

(ड) श्रोत केन्द्रमा आवद्ध कृषकहरुलाई दफा ९ बमोजिम अनुदान प्रवाहका शर्तहरुको पालना गर्ने/गराउने ।

(ढ) श्रोतकेन्द्रमा उत्पादित बाछी/पाडी र गाई/भैसी विक्री वितरणको लागि मूल्य निर्धारण गर्ने ।

(ण) चौमसिक रुपमा सम्बन्धित कार्यालयमा प्रगति पठाउने ।

(त) संचालित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गर्ने ।

(थ) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट अनुगमनका क्रममा दिएका सूझावहरु कार्यान्वयन गर्ने/गराउने ।



प्रमुख सचिव

१२. <u>उन्नत गाई/भैंसी श्रोत केन्द्र विकास समन्वय समिति गठनः</u> (१) कार्यक्रमको नीतिगत व्यवस्थाका लागि देहाय बमोजिमको प्रदेश मन्त्रालय स्तरीय समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| (ख) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ग) | प्रमुख, पशुपन्छी विकास महाशाखा | सदस्य |
| (घ) | प्रमुख, योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ङ) | प्रमुख, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला | सदस्य |
| (च) | प्रमुख, पशु सेवा तालिम केन्द्र | सदस्य |
| (छ) | अधिकृत, पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| (ज) | अधिकृत, पशु स्वास्थ्य तथा नियमन शाखा | सदस्य |
| (झ) | अधिकृत, पशुपन्छी उत्पादन तथा तथ्याङ्क व्यवस्थापन शाखा | सदस्य सचिव |

(१) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(२) उपदफा (२) बमोजिमको बैठकमा सम्बन्धित विज्ञ र कृषकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रमको सफल कार्यान्वयनका लागि विभिन्न निकायहरुसंग समन्वय गरी सहजता प्रदान गर्ने ।

(ख) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन, निरिक्षण, पृष्ठपोषण र समिक्षा गर्ने ।

(ग) कार्यक्रम सन्चालनको लागि आवश्यक पर्ने बार्षिक बजेटको व्यवस्था गर्ने ।

१३. <u>प्राविधिक सहजकर्ताको व्यवस्था र परिचालनः</u> (१) श्रोत केन्द्रमा आबद्ध कृषकहरुलाई प्राविधिक सेवाटेवा, प्रविधि अनुशरण, अभिलेखिकरण, गोठ व्यवस्थापन, पशु आहारा सेवा, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा र बजार व्यवस्थापन जस्ता कार्यमा सहयोग र सहजिकरणका लागि १ जना प्राविधिक सहजकर्ता नियुक्त गरिनेछ ।

(२) सम्बन्धित कार्यालयको समन्वयमा कम्तिमा पशु विज्ञान विषय लिई टि.एस.एल.सी. उतिर्ण गरेको स्थानिय व्याक्तिलाई प्राविधिक सहजकर्ता छनौट गरिनेछ ।

(३) श्रोत केन्द्र सञ्चालक समितिले *अनुसूची-१४* बमोजिम सम्झौता गरि प्राविधिक सहजकर्ता परिचालन गर्नेछ ।

सचिव

प्रमुख सचिव

## परिच्छेद-३
## कार्यक्रम कार्यान्वयन

१४. <u>कार्यक्रम कार्यान्वयन प्रकृयाः</u> (१) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची– १* बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रस्तावकहरुले *अनुसूची– २* बमोजिमको आवेदन, *अनुसूची– ३* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची– ४* बमोजिमको लागत साझेदारीको प्रतिबद्धता पत्र, *अनुसूची– ५* बमोजिमको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखी निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(३) दफा १४ को उपदफा (१) बमोजिम सूचनाका आधारमा निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेर सात दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

(५) उपयुक्तताका आधारमा प्राप्त आवेदनहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छः-

(क) प्रदेश निर्देशकले तोकिएको बरिष्ठ अधिकृत, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय — संयोजक

(ख) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

(ग) पशुपन्छी विकास महाशाखाको प्राविधिक अधिकृत प्रतिनिधि — सदस्य

(घ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

(ङ) योजना तथा अनुगमन महाशाखाको प्राविधिक अधिकृत — सदस्य

(च) प्राविधिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका २ जना — सदस्य

(छ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ज) कार्यक्रम हेर्ने सम्पर्क व्यात्ति — सदस्य-सचिव

(६) समितिले आवश्यकता अनुसार बढिमा दुई जना आमन्त्रण गर्न सक्नेछ ।

(७) रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशनका लागि उपयुक्त प्रस्तावहरुको सूचि तथा छनौट भएका प्रस्तावहरुको प्राथमिकिकरण सहितको अन्तिम सूची तयार गर्ने जिम्मेवारी उपरोक्त समितिको सदस्य– सचिवको हुनेछ ।



प्रमुख सचिव

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि फिल्ड भेरिफिकेसन गर्नेछ तथा आवश्यक ठानेमा समिति स्वयंले समेत प्रस्ताव सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

(९) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले *अनुसूची*– ६ र *अनुसूची*– ७ बमोजिम कुल प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण सहित तयार गरेको *अनुसूची*– ८ बमोजिमको सूची स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नेछ ।

१५. <u>सम्झौताः</u> (१) स्वीकृत प्रस्तावका आवेदकहरु संग सम्बन्धीत कार्यालयले *अनुसूची*–९ बमोजिमको द्विपक्षीय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(३) सम्झौताको जानकारी सम्बन्धित स्थानिय तहमा पठाईनेछ ।

(४ )द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

१६. <u>भुक्तानी प्रकियाः</u> (१) बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सन्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ । अर्थातः सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सन्चालन लागतको पचहत्तर प्रतिशत बराबर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

(२) साझेदारले व्यहोर्ने घटिमा पच्चिस प्रतिशत साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुने छैन ।

(३) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम बढीमा दुई किस्तामा साझेदारको बैंक खातामा भुक्तानी दिईनेछ । तर कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) भुक्तानी गरिने रकमबाट तिन प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ । सो कन्टेजेन्सी रकमबाट सम्बन्धित कार्यालयले आवश्यकता अनुसार समितिहरुको बैठक, कार्यक्रम अनुगमन निरिक्षण, सरोकारवालाहरु संग अन्तरक्रिया गोष्ठी, भ्रमण, अवलोकन, कार्यालय सन्चालन आदिमा खर्च गर्न सक्नेछ ।

(५) सम्बन्धित कार्यालयले कार्यक्रम सन्चालनको सफलताको आधारमा पाँच वर्ष सम्म बजेटको व्यवस्था गरी कार्यक्रमलाई निरन्तरता दिनेछ ।

(६) सम्बन्धित साझेदारले शूरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्रतिवेदन, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य



सचिव प्रमुख सचिव

आवश्यक कागजात सहित भुक्तानीको लागि अनुरोध गरे पश्चात सम्बन्धीत कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(७) अन्तिम भुक्तानीका लागि आवश्यक विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा मातहत निकायका प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्बन्धित सरोकारवालहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१७. <u>अनुगमन र मूल्याङ्कनः</u> (१) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

(५) सम्बन्धित कार्यालयले समय समयमा *अनुसूची– १०* बमोजिम अनुगमन गर्न कर्मचारीहरु खटाउन सक्नेछ ।

सचिव

प्रमुख सचिव

## परिच्छेद-४
## विविध

१८. **कार्वाही:** यो कार्यविधि बमोजिम अनुदान रकमको दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

१९. **आर्थिक प्रशासन सेवा:** कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रादेशिक र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

२०. **प्रचलित कानून लागु हुने:** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यो कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. **बाधा अड्काउ फुकाउने:** यो कार्यविधि बमोजिम  कार्य सम्पादन गर्न कुनै वाधा अडकाउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो वाधा अडकाउ फुकाउन सक्नेछ ।

२२. **खारेजी एवं संशोधन:** प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संसोधन गर्न सक्नेछ ।

सचिव          प्रमुख सचिव

अनुसूची-१

## उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०/.../....

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०/.... को स्वीकृत वार्षिक कार्यक्रम मुताविक उन्नत नश्लका दूधालु गाई/भैसीहरुको भरपर्दो श्रोतको अभावलाई दृष्टिगत गरि साझेदारीमा उन्नत गाई/भैसी श्रोतकेन्द्र विकास कार्यक्रम सन्चालन गर्नका लागि **"उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालन कार्यविधि २०७६"** ले तोके बमोजिमका शर्तहरु पालना गरी सहकार्य गर्न इच्छुक दुग्ध उत्पादक कृषक समुह/समिति/सहकारी संघसंस्था/व्यावसायिक संघसंगठनहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र औं दिन सम्म कार्यालय समय भित्र ............. मा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेतयसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीका लागि ......................... फोन नं. ..................... मा सम्पर्क राख्न वा ................. वेभसाईट बाट **"उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालन कार्यविधि २०७६"** डाउनलोड गर्न सकिने छ ।

### कार्यक्रम विवरण

| *क्र.सं.* | *कार्यक्रमको नाम* | *संख्या* | *अधिकतम साझेदारी रकम रु.* | *प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु* |
|---|---|---|---|---|
| | | | | |

**आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरुः**

(१) रु. पाँच शय तिरेको राजश्व रसिद ।

(२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(३) अनुसूची– २ बमोजिमको आवेदन ।

(४) अनुसूची– ३ बमोजिमको संक्षिप्त कार्ययोजना ।

(५) अनुसूची– ४ बमोजिमको लागत साझेदारीको प्रतिबद्धता पत्र ।

(६) अनुसूची– ५ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

(७) संस्थाको संचालक समितिबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपि ।

(८) संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरुका (तालिम, शैक्षिक योग्यता आदि) प्रतिलिपि ।

(९) दर्ता, नविकरण, भ्याट, प्यान प्रमाणपत्रको प्रतिलिपि ।

(१०) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रामण पत्रको प्रतिलिपी आदी।

अनुसूची–२

## उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालनको आवेदन

श्रीमान् सचिव ज्यू,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १ बिराटनगर

विषयः कार्यक्रम सन्चालनमा सहभागी हुन पाउँ भन्ने बारे ।

महोदय,

तहाँ मन्त्रालयको मिति....................को ..............मा प्रकाशित सूचना अनुसार उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालन गर्ने ईच्छा भएकाले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेकोछु । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्हरु परिपालना गरि कार्यक्रम सन्चालन गर्ने प्रतिबद्धता गर्दछु साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचललित कानून बमोजिम सजायको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

आवेदकको नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

अनुसूची- ३

## उन्नत गाई/भैसी श्रोत केन्द्र विकास, कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. संस्था सक्षिप्त विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| संस्था स्थापना भएको मिति | |
| संस्था दर्ता भएको मिति र निकाय | |
| संस्थाको सम्पर्क टेलिफोन नम्बर | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोवाईल/टेलिफोन नं. | |
| इमेल | |
| श्रोत केन्द्र र कार्यालय रहने स्थान | |

२. संस्थामा आवद्ध सदस्यहरुको गाई/भैसी र दूध उत्पादनको अवस्था

| सि. नं. | कृषकको नाम थर | ठेगाना | भैंसी संख्या | | | गाई संख्या | | | दैनिक दूध उत्पादन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानिय | उन्नत | जम्मा | स्थानिय | उन्नत | जम्मा | |
| | | | | | | | | | |
| | | | | | | | | | |

३. संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

४. कार्यक्रम सन्चालन सम्बन्धि समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या

| | |
|---|---|
| संस्थाले भोगेका वा अनभूत गरेका व्यवसायगत समस्या | |
| कार्य योजना किन र केका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्षर अप्रत्यक्ष) | |

५. कार्यक्रम सन्चालन प्रकृया

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी सन्चालन गरिन्छ | |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.-१ विराटनगर, नेपाल

६. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु

| | |
|---|---|
| कार्यक्षेत्र बिस्तार | |
| उत्पादन बृद्धि (दैनिक/ मासिक/बार्षिक परिमाण( मे.ट.) | |
| जिविकोपार्जन तथा जिवन स्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

**आर्थिक प्रस्ताव**

प्रस्तावित कृयाकलापहरुको लागत अनुमान र सहकार्यकोको विस्तृत विवरण :

| क्र. सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्तावको योगदान (रु.) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |

| | |
|---|---|
| माथि उल्लेखित विवरणहरु ठिक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सजायको भागिदार हुनेछु । | |
| जिम्मेवारी पदाधिकारीको | |
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

*आवेदकको योगदानमा जग्गाको मूल्य र चालु खर्च समावेस गर्न पाइने छैन ।*

सचिव

अनुसूची-४

## लागत साझेदारीको प्रतिबद्धता

प्रदेश सरकार ........................... मन्त्रालयको मिति ...................... को ........................ मा प्रकाशित सूचना अनुसार ....................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ..........नं. वडा ................ गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................ ले लागत साझेदारीमा ............................................... कार्यक्रम सन्चालनका लागि पेश गरेको कार्ययोजना अनुसार अनुमानित कूल लागत रु ........... को ........ प्रतिशतले हुन आउने रु ...................... अक्षरुपी.................... बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

अनुसूची-५

<u>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र</u>

श्रीमान् सचिव ज्यू

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१ बिराटनगर

बिषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति ........................ मा प्रकाशित सूचना मुताविक ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................ ले लागत साझेदारीमा ............................................... कार्यक्रम सन्चालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्य जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेकोले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको

दस्तखतः

नामः

मितिः

छापः

सचिव

## अनुसूची–६

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

(१) जिल्ला:

(२) आवेदकको नाम:

(३) स्थायी ठेगाना:

(४) प्रस्तावित कार्यक्रमको नाम:

(५) स्थलगत प्रमाणिकरण मितिः

(ख) आवेदकको मूल्याङ्कन

| क.सं. | मूल्याकङ्नका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | *भौतिक क्षमता* | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/नभएको | ६ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | ६ | |
| १.५ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सन्चालन गर्न उपयुक्त छ/छैन | ६ | |
| २ | *प्राविधिक क्षमता* | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | १० | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | *वित्तिय क्षमता* | ५ | |
| ४ | वातावरणीय/हावापानीको हिसाबले उपयुक्त छ/छैन | १० | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | ५ | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | ५ | |

सचिव

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| ५.३ | घाँसखेतीका लागी आवश्यक जमिन उपलब्ध हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ६ | **स्थलगत टोलीको राय** | २० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | २० | |
| | जम्मा | १०० | |

*नोट : कूल ५० अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ । अन्यथा ५० भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।*

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

(१)
(२)
(३)
(४)

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

| क्र.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सचिव

अनुसूची-७

## कार्य योजना मूल्यांकन फारम

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संस्थाको उमेर र अनुभव | १० | |
| १.१ | १ वर्ष भन्दा घटी | २ | |
| १.२ | २ देखि २ वर्ष सम्म | ३ | |
| १.३ | २ देखि ३ वर्ष सम्म | ४ | |
| १.४ | ३ देखि ४ वर्ष | ५ | |
| १.५ | ५ भन्दा बढी | १० | |
| २ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | ३ | |
| २.३ | खानेपानीको सुविधा भएको | ३ | |
| २.४ | घाँस खेति गरिएको जग्गा वा भविष्यमा घाँस विस्तारको सम्भावना | ५ | |
| २.५ | संस्थाको स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ५ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको) | ५ | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | १ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | २ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ३ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ४ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | ५ | |
| ४ | वित्तिय क्षमता | ५ | |
| ५ | प्रत्यक्ष लाभाविन्वत संख्या | १५ | |
| ५.१ | ५० भन्दा कम | ५ | |
| ५.२ | ५१ देखि ९९ जना सम्म | १० | |
| ५.३ | १०० देखि माथि | १५ | |
| ६ | वातावरणिय/हावापानी उपयुक्तता | ५ | |
| ७ | अन्य पक्षहरु | १० | |

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| ७.१ | हालको काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम सन्चालन स्थल बिचको तादात्म्यता | ५ | |
| ८ | स्वीकृत कार्यविधि अनुसारका थप आधारहरु | ३० | |
| ८.१ | प्रस्ताव आव्हानको सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता र आवेदकको तालमेल | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | १० | |
| ८.४ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्यविधि अनुसारका फर्मेट र प्रावधानको हेक्का राखिएको | ५ | |
| | जम्मा | १०० | |

*उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।*

सचिव

अनुसूची-५

## उन्नत गाईभैंसी श्रोतकेन्द्र विकास कार्यक्रम सन्चालन सम्बन्धि प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम

| क्र.सं | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | स्थलगत प्रमाणिकरणको प्रासाङ्क (१००) | कार्ययोजना मूल्याङ्कनको प्रासाङ्क (१००) | स्थलगत प्रमाणिकरण टोलिको राय (२०) | हाल पालिरहेको गाईभैंसी संख्या (३०) | कुल प्राप्ताङ्क (२५०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कूल प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण गर्ने |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

उपरोक्त प्राथमिकिकरण सहितको सूचि अन्तिम छनौट र स्विकृतिका लागि पेश गर्ने प्रस्ताव मठ्ठल्याङ्कन तथा सिफारिस समितिका पदाधिकारीहरुः

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सचिव

अनुसूची–तिन

## उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालनका लागि सम्झौता पत्र

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. बिराटनगर को आ.व. २०........ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालनका लागि मिति ............ गतेको ..........को प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये **उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६** को प्रावधान बमोजिम मन्त्रालयको मिति .......... गतेको ..........स्तरीय निर्णयबाट .......................को प्रस्ताव छनौट भएको हुँदा श्री ................*(यस पछि प्रथम पक्ष भनिने)* र श्री .................को *(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम संचालन गर्न मन्जुर भई यो द्विपक्षीय सम्झौता गरिदियौं/ लियौं । इति सम्बत .........साल .......महिना ....... गते ...... रोज शुभम् ।

### तपसिल

(१) उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम.......जिल्ला......महा/उपमहा/नगर/ गाउँपालिका ........... वडामा सन्चालन गरिनेछ ।

(२) दोश्रो पक्षले पेश गरेको कार्ययोजना मुताविकका निम्न कृयाकलापहरु सन्चालनका लागि प्रथम पक्षले प्रदान गर्ने अनुदान रकम बढिमा दुई किस्तामा उपलब्ध गराउनेछ ।

| *क.स.* | *कृयाकलाप विवरण* | *अनुमानित लागत रु.* | *प्रथम पक्षले व्यहोर्ने रु.* | *दोश्रो पक्षले व्यहोर्ने रु.* |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

(३) प्रथम पक्षले प्रदानगर्ने अनुदान रकमबाट ३(तिन) प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खाता माफत भुक्तानी दिनेछ ।

(४) प्रथम पक्षले कार्यक्रमको फलोअप सफलताको आधारमा पाँच वर्ष सम्म बजेटको व्यवस्था गरी कार्यक्रमलाई निरन्तरता दिनेछ तर कार्यक्रम संतोषजनक रुपमा संचालन नभएको ठहर भएमा कार्यक्रमको निरन्तरता नहुन सक्नेछ ।

(५) सम्बन्धित साझेदारले शूरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्रतिवेदन, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धीत कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(६) अन्तिम भुक्तानीका लागि आवश्यक विल/भरपाई/दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको मेजरमेन्ट बुक/र,कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा मातहत निकायका प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्बन्धित सरोकारवालहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) श्रोत केन्द्रमा आवद्ध प्रत्येक कृषक सदस्यले गाईको हकमा कम्तिमा बिस वटा उन्नत नश्लका वयस्क गाई र भैंसीको हकमा दश वटा उन्नत नश्लका वयस्क भैंसी पालेको हुनु पर्नेछ ।

(९) दोश्रो पक्षले श्रोतकेन्द्रमा आबद्ध सबै पशुहरुको बीमा गर्नेछ ।

(१०) पथम पक्षले श्रोतकेन्द्र विकास समन्वय समितिले तोके अनुरुपका नश्लको किटान गर्नेछ र श्रोतकेन्द्र सन्चालक समितिको निर्देशन अनुसार उन्नत नश्लका पशुको श्रोतकेन्द्र विकास गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

(११) दोश्रो पक्षले श्रोत केन्द्र सन्चालक समितिको निर्णय मुताविक उत्पादित बाछी/पाडी र गाई/भैसी विक्री वितरण गर्नेछ र सो को नियमित विवरण पथम पक्षलाई उपलब्ध गराउनेछ।

(१२) दोश्रो पक्षले आफ्ना आवस्यक्ता मुताविकका कृयाकलापहरु समेटि तयार गरिएको बार्षिक कार्ययोजना स्विकृतिका लागि पथम पक्ष समक्ष पेश गर्नेछ ।

(१३) दाश्रो पक्षले ब्यबसाय विस्तार तथा सुदृढिकरण गर्न ऋणको आवश्यकता महसुस गरेमा प्रथम पक्षले सो सम्बन्धी सहजीकरणको लागि वित्तिय संस्थाहरुसँग समन्वय गराउने छ ।

(१४) दोश्रो पक्षले स्वीकृत बार्षिक कार्ययोजना अनुरुप गरेका कार्यक्रमहरुको प्रगति विवरण चौमासिक रुपमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(१५) दोश्रो पक्षले पशु पालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण अनुसूचि–११ (क) देखि अनुसूचि–११ (घ) सम्म राखी अद्यावधिक गर्नु पर्नेछ ।

(१६) पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

(१७) पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भए पछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

(१८) दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाहीको भागेदारी हुनु पर्ने छ ।

(१९) *आवश्यकता अनुसार उल्लेखि शर्तहरुमा थपघट गर्न सकिनेछ ।*

प्रथम पक्ष
कार्यालयको तर्फबाट सहि गर्नेको

दोस्रो पक्ष
संस्थाको अध्यक्षको

प्रदेश नं.-१
विराटनगर, नेपाल

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छापः

नामः

ठेगानाः

दस्तखतः

मितिः

कार्यालयको छाप

सचिव

अनुसूची–१०

## उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सन्चालनको अनुगमन फर्मेट

(१) जिल्ला:

(२) श्रोत केन्द्रको नाम र ठेगाना:

(३) कार्यक्रम सन्चालन संस्थाको नाम र ठेगान:

(४) कार्यक्रम सन्चालन भएको मिति:

(५) अनुगमन मिति:

(६) सम्वन्धित कार्यालयबाट प्राप्त रकम रु.

(७) साझेदार संस्थाको लगानि रकम रु.

(८) हालसम्म सम्पादित कृयाकलापहरु

(९) कृयाकलापमा सम्लग्न कृषक संख्या

(१०) श्रोतकेन्द्रमा भएका पशु संख्या

(११) श्रोतकेन्द्रको उत्पादन र बेचबिखन

| दूध (दैनिक) | | बाच्छाबाच्छि/ पाडापाडी | | अन्य भए खुलाउने | |
|---|---|---|---|---|---|
| उत्पादन | बिक्रि | उत्पादन | बिक्रि | उत्पादन | बिक्रि |
| | | | | | |
| | | | | | |

(१२) घाँस विकासको अवस्था

(१३) प्राविधिक सहजकर्ता परिचालनको अवस्था

(१४) स्थान अनुसार गोठको बनावट वैज्ञानिक भए नभएको बारेमा विवेचना:

(१५) श्रोतकेन्द्रमा आवद्ध पशुको नश्ल र शारिरक अवस्था

(१६) श्रोतकेन्द्रका रेकर्ड अध्यावधिकको स्थिति

(१७) दिइएका सुझाव:

निरीक्षण कर्ताको नाम:
पद:
मिति:
सही:

संस्थाको अधिकारीक प्रतिनिधिको नाम:
पद:
मिति
सही:

संस्थाको छाप:



सचिव

अनुसूची-११

## उन्नत गाई/भैंसी श्रोत केन्द्र विकास कार्यक्रमको प्रगति विवरण

..................महिना/चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति

संस्थाको नामः टेलिफोन सम्पर्क नम्वरः ठेगानाः जिल्ला गाउपालिका/नगरपालिका

वडा नं. गाउं/टोल

आ.व. महिना प्रगति प्रतिवेदन अवधिः मासिक/अर्धवार्षिक/वार्षिक

| क्र. सं. | कार्यक्रम विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | चौमासिक लक्ष्य | चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | चौमासिक प्रगति | चौमासिक खर्च | हाल सम्मको प्रगति | हालसम्म को खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

सम्पादित कार्यको विस्तृत विवरणः

उत्पादन र बेचबिखनको विवरणः

समस्या र समाधानः

तयार गर्नेः पेश गर्नेः



सचिव

अनुसूची–१२ (के)

**पशु प्रजनन रेकर्ड**

| क्र. सं. | गाई भैसी को ट्याग नं | गाइ भैसी को जात | गाइ भैसी को उमेर | गाइ भैसीको बाबुको जात | बेत संख्या | कृ.ग./प्रा.ग. गरेको मिति | | | | | | गर्भ परिक्षण मिति | गर्भ रहेको भए व्याउने मिति | ब्याए को मिति | जन्मेको बाच्छाबाच्छी/पाडा पाडी | दुध उत्पादन प्रति दिन कि.ग्रा. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो पटक | साँढे/राँगो को जात | उल्टिएर दोश्रो पटक | साँढे/राँगोको जात | उल्टिएर तेश्रो पटक | साँढे/राँगो को जात | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

सचिव

## अनुसुची–[illegible] (ख)

## पशु उपचार रेकर्ड (प्रत्येक गाई/भैसीको लागि)

| मिति | पशुको टयाग नं. | उमेर | तौल(के.जी.) | परजिवी नियन्त्रण विवरण | भ्याक्सिनेसन विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आईपरेका समस्याहरु

१.

२.

३.

४.

समस्या सामधानका लागि गरिएका कार्यहरु :

१.

२.

३.

४.

अनुसूची-१२(ग)

## गाई/भैंसीहरुको मासिक हर्डबुक

संस्थाको नामः

ठेगानाः

सालः

| महिनाको नाम | गाई/भैंसीको संख्या विवरण | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस महिनाको शुरुको पशु संख्या | | | | | | यस महिनामा जन्मेको संख्या | | यस महिनामा मरेको संख्या | | | | | | यस महिनामा बिक्रि संख्या | | | | | | महिनाको अन्तमा बाँकि संख्या | | | | | |
| | ठुला | | मझौला | | साना | | भाले | पोथी | ठुला | | मझौला | | साना | | ठुला | | मझौला | | साना | | ठुला | | मझौला | | साना | |
| | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | | | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रगति तयार गर्नेको नामः -

हस्ताक्षरः

पदः

मितिः

श्रोत केन्द्र प्रमुखको नामः

हस्ताक्षरः

पदः

मितिः



सचिव

अनुसूची-[illegible](घ)

## हर्ड बुक नमूना (प्रत्येक गाई/भैंसीको लागि अलग अलग रेकर्ड राख्ने)

कृषकको नाम:

ठेगाना:

पशुको नाम वा संकेत:

जात:

टयाग नम्बर:

जन्म मिति:

माऊको संकेत र चारित्रिक विवरण:

बाउको संकेत र चारित्रिक विवरण:

| मिति उमेर (दिन) | तौल (के.जी) | परजिबी नियन्त्रण विवरण | भ्याक्सिनेसन विवरण | स्वास्थ्य समस्या र उपचार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बथानबाट हटेको मिति: ...............................

कारण:

- रोग लागेर मृत्यु ( )
- दुर्घटन भएर ( )
- जंगली जनावारको आक्रमणबाट ( )
- विक्री गरेको ( )

अनुसूची-१३

श्रोत केन्द्रका पशुहरुको उत्पादन क्षमताको सूचाकाङ्क

| पशुहरुको उत्पादन सूचाकाङ्ग विववरण | गाई | भैंसी |
|---|---|---|
| माउको बार्षिक दूध उत्पादन (लिटर) | ३००० लिटर | १५०० लिटर |
| प्रति वेत दुध दिने दिन | २८०-३०५ दिन | १५०-२०० दिन |
| पहिलो पटक वाली जाने उमेर (महिना) | १५-१८ महिना | ३०-४२ महिना |
| पहिलो पटक ब्याउने उमेर(महिना) | २४-२७ महिना | बढीमा ४८ महिना |
| ब्याउने अन्तराल | १२-१५ महिना | बढीमा १८ महिना |

सचिव

अनुसूची नं.-१

## प्राविधिक सहजकर्ता संग गरिने सम्झौता पत्र

आज मिति......................मा जिल्ला................. गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका मा संचालित उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम अनुसार कार्य गर्न उन्नत गाई/भैसी श्रोत केन्द्र संचालक समिति *(यस पछि पहिलो पक्ष भनिने)* र जिल्ला................. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका......... वडा नं. ......... मा बस्ने श्री............... *(यस पछि दोश्रो पक्ष भनिने)* बीच तपसिलमा उल्लेखित शर्तका अधिनमा कार्य गर्ने गरि द्विपक्षीय सम्झौता गरि लियौं/दियौं । इति सम्बत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

तपसिलः

(१) दोश्रो पक्षले पहिलो पक्षद्वारा दिइएको निर्देशन अनुसार प्राविधिक सहजकर्ताको रुपमा गाई/भैसी श्रोत केन्द्र विकासमा सेवाटेवा प्रदान गर्नु पर्नेछ ।

(२) दोश्रो पक्षले श्रोतकेन्द्रमा आबद्ध कृषकहरुमा प्रविधि अनुसरण लगायत गोठ व्यवस्थापन, पशु आहारा, नश्ल सुधार, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा तथा बजार व्यवस्थापनको कार्यहरुमा सहजिकरण गर्नु पर्नेछ ।

(३) दोश्रो पक्षले गाई/भैसी श्रोतको तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन गर्नु पर्नेछ ।

(४) दोश्रो पक्षले मासिक रुपमा पहिलो पक्षलाई प्रगति विवरण पेश गर्नु पर्नेछ ।

(५) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध कृषकहरुको समस्याहरुको पहिचान गरि प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

(६) दोश्रो पक्षले प्रविधिको अनुशरणका लागि कृषकहरुलाई सदैव अभिप्रेरित गर्नु पर्नेछ ।

(७) यो सम्झौता मिति ...................देखि .................... सम्मको लागि मात्र हुनेछ ।

(८) दोश्रोपक्षको काम संतोषजनक नभएमा पहिलो पक्षले कुनै पनि बखत सम्झौता रद्द गर्न सक्नेछ ।

(९) दुवै पक्षको समझदारीमा सेवा शर्तहरु थपघट गर्न सकिनेछ ।

प्रथम पक्षः

नामः

पदः

दस्तखतः

कार्यालयको छापः

दोश्रो पक्षः

नामः

ठेगानाः

दस्तखतः

औंठाको छापः